# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर-आई.एफ.सी दक्षिण एसिया निर्देशक भेटवार्ता

गभर्नर डा. युवराज खतिवडासँग अन्तराष्ट्रिय वित्त निगम (IFC) का दक्षिण एसिया निर्देशक Thomas S Davenport को नेतृत्वमा आएको प्रतिनिधिमण्डलले वैशाख २६ गते भेट गऱ्यो । सो अवसरमा लघु तथा साना परियोजना (SMEs) सञ्चालनका लागि अन्तराष्ट्रिय वित्त निगमले पेश गरेको Proposal for Designing and Developing 'SME segmentation Database' at Nepal Rastra Bank का सम्बन्धमा विस्तृत छलफल भएको थियो ।



भेटमा गभर्नर खतिवडाले नेपालमा साना तथा लघु उद्यम क्षेत्रका अधिकांश उद्यमीले बैंक कर्जा प्राप्तिका लागि धितो राख्न नसक्ने भएकाले परियोजनामुखी भएर लगानी गर्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो । उहाँले लघुवित्त सेवा कर्जा मात्र नभई तालिम तथा प्राविधिक सहयोग लगायतका विषय समेत भएकाले यसतर्फ समेत ध्यान पुऱ्याउनुपर्ने बताउनुभयो । उहाँले बंगलादेशमा सफल भएको साना तथा लघुउद्यम कार्यक्रमबाट धेरै सिक्न सकिने धारणा राख्दै नेपालमा अझै पनि साना तथा लघु उद्यमीहरु औपचारिक वित्तीय सेवाबाट बञ्चित रहेकोले यसतर्फ ध्यान दिई सेवा विस्तार गर्ने कार्यमा सहकार्य गर्न बैंक तयार रहेको जानकारी दिनुभयो । साथै, लघु उद्यमीहरुलाई औपचारिक बैंकिङ सञ्जालमा कारोबार गर्ने बानी बसाल्नु आवश्यक रहेको र साना तथा लघुउद्यममा कर्जासीमा महत्वपूर्ण हुने धारणा समेत राख्नुभएको थियो ।

साथै, उहाँहरूबीच लघु उद्यमका क्षेत्रमा लगानी अभिवृद्धि, वित्तीय क्षेत्रमा सहकारीको अवस्था, साना तथा लघु उद्यममा लगानीको सम्भावना तथा चुनौतीहरू, त्यसमा IFC बाट हुन सक्ने योगदानका सम्बन्धमा समेत विचार विमर्श भएको थियो । भेटमा गभर्नर खतिवडाले IFC ले नेपालको उद्यम तथा उद्यमशीलता विकासमा प्रभावकारी योगदान पुऱ्याउन सक्ने विचार व्यक्त गर्दै विकास साझेदारका रूपमा निगमलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

२०७० वैशाख २६ गते, बिहीवार

गभर्नरको कार्यालय